Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार बिकास सहयोग एसडिसि

UN WOMEN

# नेपालको लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानता सम्बन्धी कोषहरुः प्रभावकारी कार्यान्वयन सम्बन्धी नीतिपत्र

हिमाल इनोभेटिभ डेभलपमेन्ट
एण्ड रिसर्च प्रा. लि

FWLD
अविभेद र समानताका लागि कार्यरत

प्रकाशन : फाल्गुण, २०७७
प्रेस : सिग्मा प्रेस, सानेपा, ललितपुर

यो प्रकाशन स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेशन र युएन वुमनको सहयोगमा भएको हो ।

यस प्रकाशनमा अभिव्यक्त विचारहरु यसका लेखकहरुका हुन् । यसमा व्यक्त विचारहरुले स्वीस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोअपरेशन र युएन वुमन, संयुक्त राष्ट्रसंघ तथा यससित सम्बद्ध संस्थाहरुको प्रतिनिधित्व गरेको मानिने छैन ।

## १. परिचय तथा पृष्ठभूमि

विगतका दशकहरूमा महिलाको मानवअधिकार सुदृढिकरण गर्न नेपाल सरकारले महत्वपूर्ण ऐन, कानुनहरूको निर्माण तथा कार्यान्वयन गर्नुका साथै संस्थागत संरचनाहरूको समेत व्यवस्था गरेको छ । लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानतासँग सम्बन्धित विभिन्न कोषहरु सम्बन्धी व्यवस्थाहरु यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण प्रयासहरु हुन् । लैङ्गिक हिंसा प्रभावित[१] ले पाउने क्षतिपूर्ति, आवास, कानुनी सहायता, मनोवैज्ञानिक परामर्शजस्ता अन्य आवश्यक, सेवाहरु सुनिश्चित गर्न कोषहरु आधारभूत संयन्त्रहरु हुन् । साथै, अन्य विभिन्न कोषहरुले महिलाको आर्थिक सशक्तिकरणलाई प्रवर्द्धन गर्दछन् ।

वि. सं. २०७२ सालमा नयाँ संविधान लागू भएपछि नेपालको शासकीय स्वरूपमा आधारभूत परिवर्तन भयो । शासकीय स्वरूपको परिवर्तनसँगै नेपाल एकात्मक राज्य संरचनाबाट संघीय राज्य संरचनामा रूपान्तरण भएको छ । यस संक्रमणकालीन अवस्थामा केन्द्रीय सरकार मातहत रहेका कतिपय काम, कर्तव्य तथा अधिकार प्रदेश तथा स्थानीय तहलाई बाँडफाँड गरिएका छन् । यस परिवर्तनको महत्वपूर्ण प्रभाव विद्यमान धेरै कानुनहरु तथा सरकारी कार्यक्रमहरुमा परेको देखिन्छ । यस परिप्रेक्ष्यमा लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानतासित सम्बन्धित कोषहरु पनि यसको प्रभावबाट मुक्त छैनन् । यी कोषहरु स्थापना र सञ्चालनमा ल्याउन नेपालको नयाँ संघीय राज्य संरचना बमोजिम कोषको संरचना समायोजन गर्न आवश्यक छ ।

हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च (एचआईडिआर) र महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडि) ले सन् २०२० मा लैङ्गिक हिंसा सम्बोधन गर्न तथा विद्यमान लैङ्गिक समानताको अवस्थाको प्रवर्द्धनलाई योगदान दिने कार्यादेश सहित १२ वटा कोषहरुको वर्तमान अवस्थाको अध्ययन कार्य गरेका थिए । अध्ययनको उद्देश्य उल्लिखित कति कोषहरु नयाँ संघीय संरचना अन्तर्गत सञ्चालित छन्, यी कोषहरुको निर्बिध्न सञ्चालनमा देखिएका बाधा तथा चुनौतीहरु पत्ता लगाउनु तथा ती कोषहरुलाई पूर्ण सञ्चालनमा ल्याउने उद्देश्यले आवश्यक सुझाव सहितको प्रस्ताव तयार गर्नु रहेको थियो ।

विभिन्न अध्ययनहरुले कोभिड माहामारी शुरुवाटदेखिनै लैङ्गिक हिंसा विशेषगरि घरेलु हिंसामा अत्यधिक वृद्धि भएको देखाएका छन् ।[२] यस सन्दर्भमा, लैङ्गिक हिंसा निवारणसित सम्बन्धित कोषहरुको उपलब्धता अत्यावश्यक देखिएको छ । साथै, लैङ्गिक हिंसा विरुद्धको आधारभूत सेवा लगायत अन्य आवश्यक सेवाहरुमा महिलाहरुको पहुँच सुनिश्चित हुन समेत आवश्यक छ ।

## २. अध्ययनबाट प्राप्त नतिजाको सारांश

यस अध्ययनले विभिन्न कोषहरुको सञ्चालनमा रहेका चुनौतीहरु उजागर गरेको छ, जसलाई सम्बोधन गर्न आवश्यक छ । लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानतासँग सम्बन्धित कोषहरु केही हदसम्म मात्र सञ्चालनमा रहेका छन् । केही मात्रामा सञ्चालनमा रहेका कोषहरुमध्ये पनि लैङ्गिक हिंसा निवारण कोष तथा पुनर्स्थापना कोषहरु केवल संघीय तहमा मात्र रहेका छन् । प्रदेश तथा स्थानीय तहमा यी कोषहरु स्थापना भएका छैनन् जसले गर्दा यी कोषहरुमा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरुको पहुँच सीमित भएको छ । प्रदेश तथा स्थानीय तहमा कोषहरु स्थापना हुन नसकेको वा नभएका कारण कानुनले औपचारिक रुपमा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरुका लागि सुनिश्चित गरेका अधिकार र यथार्थमा यी कानुनी अधिकारको दाबी गर्ने क्षमता तथा उपभोग गरेको उनीहरुको वास्तविक अनुभवको बीचमा ठूलो खाडल रहेको छ । अर्थात् महिलाहरुले व्यवहारमा ती अधिकारहरु उपभोग गर्न पाएको अवस्था छैन ।

यस अध्ययनले संघीयताको कार्यान्वयनपछि लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानतासाग सम्बन्धित कोषहरुको स्थापना र सञ्चालन कार्य थप जटिल बनेको देखाएको छ । तथापि, यस चुनौतीलाई पर्याप्त मात्रामा सम्बोधन गरिएको छैन । यस अध्ययनले कोषहरुलाई संघीय संरचना अनुरुप बनाउन गरिएको कानुनी व्यवस्थाले सिर्जना गरेको चुनौतिका बारेमा विस्तृत रुपमा अध्ययन तथा समीक्षा गरेको छ । नेपाल सरकारले गरेको कानुन तथा नियमावलीको संशोधनले नयाँ संघीय संरचनाले सृजना गरेको हरेक तहको सरकारको अधिकार क्षेत्र तथा त्यसको परिणामका बारेमा प्रष्ट रुपमा परिकल्पना गर्न तथा समेट्न सकेको देखिँदैन ।

अध्ययनले के देखाएको छ भने संघीय संरचना लागू हुनुभन्दा पहिलेदेखि नै यी कोषहरुमध्ये अधिकांशको स्थापना र सञ्चालन चुनौतीपूर्ण रहेका थिए । यसका साथै, नयाँ निर्णयकर्ताहरु- नयाँ निर्वाचित जनप्रतिनिधिहरु अथवा नयाँ संघीय संरचनामा काम गर्न जिम्मेवारी दिइएका निजामती कर्मचारीहरुलाई- यी कोषहरु तथा यिनको सञ्चालन प्रक्रियाको बारेमा पर्याप्त मात्रामा जानकारी प्राप्त नभएको हुन सक्छ । प्रदेश तथा स्थानीय सरकारहरुलाई उनीहरुको आफ्नै भूमिका तथा जिम्मेवारीको बारेमा बुझ्न नयाँ अथवा

१. "पीडित" र "प्रभावित" शब्दहरु कतिपय अवस्थामा एउटै अर्थमा प्रयोग हुन्छन् । साधारणतया "पीडित" शब्दको प्रयोग कानुनी तथा चिकित्सा क्षेत्रमा गरिन्छ भने "प्रभावित" शब्द मनोवैज्ञानिक तथा सामाजिक सहायताका क्षेत्रमा प्रयोग गरिन्छ । *(UNFPA, Managing Gender-based Violence Programmes in Emergencies: E-Learning Companion Guide, 2012, p. 8)* यो दस्तावेजमा प्रयोग गरेको लैङ्गिक हिंसा "पीडित" शब्दले लागि पीडित तथा लैङ्गिक हिंसाबाट प्रभावित भएका दुवैलाई जनाउँछ ।

२. हेल्पलाइन लगायत विभिन्न स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुले कोभिड प्रकोपको अवधिमा महिलामाथिको दुर्व्यवहार अत्यधिक बढेको देखाएका छन् । विस्तृत जानकारीको लागि हेर्नुहोस् *MoWCSC, Care Nepal & Save the Children (2020). Rapid Gender Analysis Report on COVID-19 Nepal, 2020. Available here: https://mowcsc.gov.np/uploads/uploads/wGPprhPMiqNqMg8QdKbvKxwXjmTGcooUVMu0z2aO.pdf.* प्राप्त गरेको मिति : २३ फेब्रुअरी २०२१ ।

अतिरिक्त क्षमताको आवश्यकता रहेको देखिन्छ । साथै, उनीहरूलाई राज्यहरू (स्थानीय सरकारहरू र प्रदेश सरकारहरू), न्यायपालिका तथा महिला अधिकारको बहसपैरवी गर्ने समूह लगायतका गैरराज्य सरोकारवालाहरूको बीचमा काम गर्ने, समन्वय गर्ने तथा सहकार्य गर्ने संयन्त्रको खोजीमा समेत अतिरिक्त क्षमताको आवश्यकता रहेको देखिन्छ ।

यो अवस्थामा सुधार ल्याउन यस अध्ययनले प्रत्येक कोषको लागि छुट्टाछुट्टै तथा खास, लक्ष्यित सुझावहरू प्रस्तुत गरेको छ (विस्तृत तल दिइएको छ) । सामान्य रुपमा भन्दा अल्पकालीन प्रयासको रुपमा यी कोषहरूको बारेमा तथा यी कोषहरूप्रतिको बुझाइमा प्रष्टता ल्याउन सचेतना वृद्धि गर्ने, बहस पैरवी तथा सरकारी अधिकारीहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने, विभिन्न सरोकारवालाहरूको बीचको समन्वयलाई सुदृढ गर्ने र सम्बन्धित संघीय कानुन तथा नियमावलीहरूमा पुनरावलोकन गर्नेजस्ता कामहरू गर्नुपर्ने गरी सुझावहरू प्रस्तुत गरिएको छ । संघीय सन्दर्भमा कोषहरूको प्रभावकारी सञ्चालनलाई सक्षम बनाउन आवश्यक प्रक्रियागत मार्गनिर्देशन तथा कोष सञ्चालन संयन्त्रको पर्याप्त व्यवस्था भएको छ भन्ने कुरा सुनिश्चित गर्न गरिनुपर्ने कामको विषयलाई मध्यकालीन सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा, यस अध्ययनले विभिन्न कोषहरू एक-आपसमा गाभिएको (ओभरल्याप) वा कोषहरूको कार्यक्षेत्र तथा यिनले दिने सेवा दोहोरिन सक्ने अवस्था देखाएको छ । यो अवस्था खासगरी पुनर्स्थापना कोष, सेवा कोष, लैङ्गिक हिंसा निवारण कोष तथा पीडित राहत कोषको बीचमा देखिएको छ । कोषहरूको बीचमा कार्यक्षेत्र तथा यिनबाट प्राप्त हुने सेवा उस्तै वा एकै प्रकारको हुनाले सेवा तथा कार्यक्षेत्रको दोहोरोपना (डुप्लिकेसन) को खतरा उत्पन्न हुन जाने, स्रोतहरूको प्रयोग अप्रभावकारी हुने अवस्था सिर्जना हुनाको साथै यसबाट केही लक्ष्यित समूहले बढी फाइदा लिनसक्ने र अन्य लक्षित समूहका मानिसहरु भने सेवाबाट बञ्चित हुनसक्ने अवस्था समेत सिर्जना हुन सक्ने देखिन्छ । यस सन्दर्भमा, यस अध्ययनले दीर्घकालमा कामहरूको बढ्दो आकारलाई दृष्टिगत गर्दै विभिन्न कोषहरूलाई एकत्रित गरी एउटै ठूलो कोष बनाउन उपयुक्त हुने सुझाव प्रस्तुत गरेको छ ।

## ३. सुझाव

### लैङ्गिक हिंसा निवारण कोष

लैङ्गिक हिंसा निवारण कोषको स्थापना वि. सं. २०६७ मा कार्यकारी आदेशद्वारा जारी गरिएको नियमावली मार्फत भएको थियो । यस नियमावलीमा भएको कोष सम्बन्धी व्यवस्थालाई चैत्र १०, २०७६ मा संघीय संरचनालाई समेत मध्यनजर गर्दै संशोधन गरिएको थियो । यस नियमावलीको संशोधित व्यवस्था अनुसार यो कोष तीनवटै तहका सरकार अन्तर्गत उनीहरूको आफ्नै कानुनी व्यवस्थाको अधिनमा रही तथा उनीहरूको आफ्नै स्रोतबाट व्यवस्थित गरी स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ । वि. सं. २०७६ मा संघीय सरकारले प्रदेश तथा स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गर्न सहजीकरण गर्ने उद्देश्यले तीनवटै तहमा कोषको स्थापना तथा विस्तार गर्न सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड कार्यान्वयनमा ल्यायो । यस मापदण्डले व्यवस्था गरे अनुसार देशका प्रत्येक स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गर्ने तथा प्रदेश तथा स्थानीय तह दुवैलाई अनुदान उपलब्ध गराउने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको योजना रहेको छ । विचारणीय कुरा के छ भने जुन कानुनी व्यवस्थाका आधारमा यी कोषहरूको स्थापना गर्ने भनिएका छन् ती कानुनी आधारहरूमा समस्या रहेका छन् । किनकी, यसले तीन तहका सरकारहरूका अधिकार, काम तथा उत्तरदायित्वका सम्बन्धमा अन्यौल सिर्जना गराउँछन् । लैङ्गिक हिंसा निवारण कोषको नियमावली र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जारी गरेको मापदण्डको बीच एकरुपता छैन । उदाहरणको लागि, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावलीले कोष प्रदेश तथा स्थानीय कानुन बमोजिम तथा स्रोत परिचालनबाट सञ्चालन हुने भनी तोकेको छ भने मन्त्रालयले कार्यान्वयनमा ल्याएको मापदण्डले कोषको स्थापना गर्न संघबाट आर्थिक स्रोत उपलब्धै हुने व्यवस्था गरेको छ । यसका साथै, लैङ्गिक हिंसा निवारण कोष स्थापना सम्बन्धी संघीय नियमावलीलाई कुनै विधायिकी कानुनले संरक्षण गरेको छैन । नियमावलीहरू आफैले प्रदेश तथा स्थानीय सरकारहरूका लागि अधिकार, काम र उत्तरदायित्वको सिर्जना गर्न सक्दैनन् ।

**अवस्था :** वर्तमान लैङ्गिक हिंसा निवारण कोष संघीय तहमा रहेको छ । तर, यसको बजेट क्रमशः घटिरहेको छ र यो कोष पहुँचयोग्य छैन । परिणामतः कोषमा जम्मा भएको रकम उपयोग नभएको अवस्थामा रहेको छ । अहिलेसम्म प्रदेश तथा स्थानीय तहहरूमा यस कोष सञ्चालनको सम्बन्धमा कुनै कानुन निर्माण गरिएको छैन । कतिपय नगरपालिका तथा गाउँपालिकाहरुले कार्यकारी निर्णयबाट लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरेका छन् ।

**अल्पकालीन सुझाव १.(क) :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारलाई संघीय लैङ्गिक हिंसा निवारण कोषबाट कोषको रकम निकासा गर्ने प्रक्रियाका बारेमा सूचना तथा जानकारी सहित सहयोग गर्ने ।

**अल्पकालीन सुझाव १.(ख) :** प्रदेश तथा स्थानीय सरकारले लैङ्गिक हिंसाबाट प्रभावितहरुलाई आवश्यक सेवा खोजी गर्न तथा लैङ्गिक हिंसा निवारण कोषमा पहुँचको लागि सहजीकरण गर्न सेवा प्रदायकहरुसँग मिलेर काम गर्ने ।

**अल्पकालीन सुझाव १.(ग) :** स्थानीय सरकारले लैङ्गिक हिंसा प्रभावितलाई सहयोग गर्न संघीय लैङ्गिक हिंसा उन्मूलन कोषबाट रकम निकासाको लागि कोषमा माग गर्ने ।

**अल्पकालीन सुझाव २. :** संघीय नियमावलीको सारभूत पक्षलाई खारेज गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समीक्षा गर्ने । र, त्यसपछि नियमावलीमा व्यवस्था भएको कार्यविधिगत पक्षलाई वि. सं. २०७६ मा लागू गरिएको अनुदान रकम खर्च सम्बन्धी मापदण्डसँग एकरूपता हुने गरी मिलाउने ।

### पुनर्स्थापना कोष

पुनर्स्थापना कोषको स्थापना संघीय मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६५ अन्तर्गत रहेर गरिएको थियो । तर प्रत्येक पछिल्लो वर्ष यस कोषको रकम घट्दै गयो । वि. सं. २०७३ सालमा प्रदेश तथा स्थानीय सरकारले संघीय ऐनसँग एकरुपता हुने गरी प्रदेश तथा स्थानीय तहले आफ्नै ऐनको निर्माण

तथा स्रोतको व्यवस्थापन गरी कोष स्थापना गर्न सक्ने व्यवस्था सहित यस ऐनमा संशोधन भयो । तथापि, ऐनमा भएको संशोधन बमोजिम यस ऐनको नियमावली हालसम्म संशोधन भएको छैन ।

**अवस्था :** पुनर्स्थापना कोष संघीय तहमा निष्क्रिय रहेको छ । आजका मितिसम्म प्रदेश तथा स्थानीय तहमा यस सम्बन्धमा कानुनको निर्माण गरिएको छैन र यी दुवै तहमा कोषको व्यवस्था गरिएको छैन ।

**अल्पकालीन सुझाव :** सरकार तथा नागरिक समाजले व्यवस्थापन गरेका पुनर्स्थापना केन्द्रहरूको प्रभावकारी रूपले सञ्चालन भएको सुनिश्चितता गर्न संघीय सरकारले पुनर्स्थापना कोषमा पर्याप्त रकमको व्यवस्था गर्ने ।

**मध्यकालीन सुझाव :** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन तथा नियमावलीलाई प्रदेश तथा स्थानीय सरकारले उनीहरूको आफ्नो कानुन नभएको अवस्थामा समेत सेवा कोषको स्थापना गर्न सक्ने गरी संशोधन[3] गर्ने । साथै, ती कोषहरूलाई आवश्यक स्रोत उपलब्ध गराउने र अनुगमन गर्ने सम्बन्धी व्यवस्था गर्ने ।

## सेवा कोष

घरेलु हिंसा (अपराध तथा सजाय) ऐन, २०६६ ले संघीय तहमा सेवा कोषको स्थापना गर्न अधिकार प्रदान गरेको छ । यस ऐनले प्रदेश तथा स्थानीय सरकारहरूलाई समेत संघीय ऐनसँग एकरूपता हुने गरी कानुनको निर्माण गरी उनीहरूको आफ्नै सेवा कोष स्थापना गर्न सक्ने अधिकार दिएको छ । सेवा कोषको उद्देश्य घरेलु हिंसाबाट प्रभावितहरूलाई सहयोग गर्ने कार्यका लागि सेवा केन्द्रहरूलाई स्रोत उपलब्ध गराउनु हो । संघीय ऐनमा भएको संशोधनको आधारमा नियमावलीको संशोधन हुने काम भने अझै बाँकी छ ।

**अवस्था :** संघीय तहमा हालसम्म सेवा कोष स्थापना भएको छैन । प्रदेश तथा स्थानीय तहहरूमा हालसम्म आवश्यक कानुनको निर्माण गरिएको छैन । त्यसैले हालसम्म प्रदेश तथा स्थानीय तहमा समेत सेवा कोष छैन ।

**मध्यकालीन सुझाव :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले घरेलु हिंसा (अपराध तथा सजाय) ऐनलाई संशोधन गर्ने तथा प्रदेश तथा स्थानीय सरकारले उनीहरूको आफ्नो कानुन नभएको अवस्थामा समेत सेवा कोषको स्थापना गर्न सक्ने गरी ऐनको संशोधन गर्ने र सो अनुरूप नियमावली जारी गर्ने । साथै, ती कोषहरूलाई आवश्यक स्रोत उपलब्ध गराउने तथा अनुगमन गर्ने सम्बन्धी व्यवस्था गर्ने ।

## पीडित राहत कोष

पीडित राहत कोष लैङ्गिक दृष्टिले तटस्थ कोष हो । यस कोषले लैङ्गिक हिंसाबाट प्रभावित लगायत सबै किसिमका अपराधका पीडितहरूलाई राहत प्रदान गर्दछ । वि. सं. २०७७ सालमा पीडित राहत कोष सञ्चालन नियमावली जारी गरिएको थियो । उक्त नियमावलीले सर्वोच्च अदालतलाई यस पीडित राहत कोषको स्थापना गर्न मार्गनिर्देशन गरेको छ । यो कोष एकात्मक संरचनामा आधारित रहेको छ ।

**अवस्था:** पीडित राहत कोष संघीय संरचनामा नभई एकात्मक संरचनामा न्यायपालिकाको नेतृत्वमा वि. सं. २०७७ सालको जेठ/असार महिनामा स्थापना गरिएको थियो।

**मध्यकालीन सुझाव :** संघीय कानुन, न्याय तथा संसदीय मामला सम्बन्धी मन्त्रालयले अपराध पीडित संरक्षण ऐन र मुलुकी फौजदारी अपराध (सजाय निर्धारण) ऐनमा भएको कोष सम्बन्धी व्यवस्थालाई संशोधन गर्ने । यसरी संशोधन गर्दा प्रदेश तथा स्थानीय सरकारलाई उनीहरूको आफ्नै कानुन बिना पनि कोषको स्थापना गर्न सक्ने गरी ऐन संशोधन गरी जारी गर्ने । साथै, यी कोषहरूको अनुगमनका लागि आवश्यक स्रोत उपलब्ध गराउने व्यवस्था गर्ने ।

## न्यायिक कोष

न्यायिक कोषको स्थापना न्यायपालिकाको वित्तीय स्वायत्ततालाई सुदृढ गर्ने उद्देश्यले गरिएको थियो । तथापि, कोष खडा गर्ने कानुनी प्रक्रिया वि. सं. २०४३ सालपछि रोकिएको थियो । कोष स्थापना कार्यको पहिलो चरणमा ऐन लागू भएको मिति नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था गरिएकोमा उक्त कार्य कहिल्यै सम्पन्न हुन सकेन । स्थापना भएपछि यस कोषले न्यायपालिकालाई अदालतमा लैङ्गिक डेस्क तथा बालबालिका तथा लैङ्गिक हिंसा प्रभावित मैत्री सुविधा लगायत लैङ्गिक समानता तथा समावेशिकरण संवेदनशील संरचनाको विकासमा सहयोग गर्न सक्दछ ।

**अवस्था:** न्यायिक कोष स्थापना भएको छैन ।

**अल्पकालीन सुझाव:** नागरिक समाज तथा न्यायपालिकाका सम्बन्धित कर्मचारी तथा न्यायधिशहरूले न्यायिक कोष सम्बन्धी ऐनलाई आवश्यक संशोधन सहित पारित गर्न बहस पैरवी गर्ने ।

## बाल कोष

वि. सं. २०७५ सालमा स्वीकृत भएको बाल अधिकार सम्बन्धी ऐन अनुसार बाल कोषको स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ । बाल कोषको सञ्चालन संघ, प्रदेश तथा स्थानीय गरी तीनवटै तहका सरकारहरूले उनीहरूको आफ्नै कानुन अनुसार गर्न सक्दछन् । यस कोषको स्रोतको व्यवस्थापन योगदानमा आधारित प्रणालीबाट गरिनेछ जसमा प्रदेश र स्थानीय तहहरूबाट कोषको लागि स्रोतहरू संघीय कोषमा जम्मा गर्न सकिने व्यवस्था छ । यसपछि उक्त संघीय कोषबाट आवश्यक रकम पुनः प्रदेश तथा स्थानीय तहहरूमा कोष स्थापनाको लागि पठाइनेछ । यस कोषको सञ्चालन प्रक्रियाको सम्बन्धमा हालसम्म नियमावली बनेको छैन ।

**अवस्था:** बाल कोष हालसम्म कुनै पनि तहका सरकारहरूले स्थापना गरेका छैनन् ।

---

३. ऐनहरूको संशोधनको सम्बन्धमा सम्बन्धित मन्त्रालयले गरेको प्रस्तावमा कानुन, न्याय तथा संसदीय मामला सम्बन्धी मन्त्रालयबाट तथा अर्थ मन्त्रालयबाट समीक्षा भई मन्त्रीपरिषदले संसदमा संशोधनका निमित्त पेश गर्ने निर्णय भएपछि संशोधनका लागि सम्बन्धित विषयगत मन्त्रालयले संसदमा दर्ता गर्ने गरिन्छ । ऐनहरू संशोधनका लागि गरिएका सबै सुझावहरूको सम्बन्धमा समेत त्यही प्रक्रिया लागू हुन्छ । यी प्रक्रियाहरूमा सूचना तथा जानकारीको आदानप्रदान गर्ने कार्यमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका अन्य मन्त्रालयहरूलाई समेत संलग्न गराउन सकिन्छ ।

**मध्यकालीन सुझाव :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकासँग सम्बन्धित कानुनको संशोधन गर्न आवश्यक कार्य गर्ने । प्रदेश तथा स्थानीय सरकारलाई उनीहरुको आफ्नै कानुन नभए तापनि प्रदेश तथा स्थानीय तहका सरकारले बाल कोष स्थापना गर्न सक्ने गरी ऐन तथा नियमावली बनाई कार्यान्वयनमा ल्याउने । साथै, उक्त कोषको प्रभावकारी अनुगमनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था गर्ने ।

### एकल महिला संरक्षण कोष

एकल महिला संरक्षण कोष कार्यकारी अधिकारबाट स्वीकृत गरिएको नियमावलीबाट स्थापना गरिएको हो । यस अध्ययन गरिएको समयमा उक्त नियमावलीको संशोधन कार्य अन्तिम अवस्थामा पुगेको थियो । नियमावलीको उक्त संशोधित व्यवस्थामा प्रदेश तथा स्थानीय सरकारहरुले निजहरुको आफ्नै स्रोतबाट एकल महिला संरक्षण कोषको व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको थियो ।

लैङ्गिक हिंसा निवारण कोषमा जस्तै यस कोषमा समेत केवल नियमावलीको माध्यमबाट स्थायी तथा महत्वपूर्ण अधिकारको सिर्जना गर्न खोजिएको देखिन्छ जुन कानुनी रुपले समस्याग्रस्त तथा नमिल्ने देखिन्छ । प्रदेश तथा स्थानीय कानुनको अभावमा प्रदेश सरकार तथा स्थानीय सरकारले आफ्नै कोषको स्थापना गर्न तथा त्यसको सञ्चालन गर्न सक्दैनन् । यस नियमावलीको संशोधन पारित भएमा कानुनी चुनौती आइपर्नेछ ।

**अवस्था :** एकल महिला संरक्षण कोष संघीय तहमा स्थापना भएको छ तर पूर्ण रुपले सञ्चालनमा रहेको छैन । प्रदेश तह तथा स्थानीय तहमा यस सम्बन्धमा कानुनको निर्माण भएको छैन र कुनै कोषको व्यवस्था समेत गरिएको छैन ।

**अल्पकालीन सुझाव :** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नियमावलीमा गरिएका व्यवस्थाहरुको समीक्षा तथा परिमार्जन गर्ने ।

यस अध्ययनले लैङ्गिक समानतालाई प्रभाव पार्न सक्ने पाँचवटा अन्य कोषहरुलाई समेत अध्ययन गरेको छ । अध्ययनका क्रममा स्थानीय एकीकृत कोषका लागि आवश्यक कानुनको व्यवस्था गरेको पाइएको छ । साथै, यस अध्ययन टोलीले अध्ययनको क्रममा भ्रमण गरेका सबै स्थानीय तहहरुमा उक्त कोषको स्थापना गरिएको छ ।

यस अध्ययनको अवधिमा संघीय सन्दर्भमा महिला उद्यमशीलता कोष तथा गरिबी निवारण कोषलाई व्यवस्थित गर्ने विषयमा छलफल चलिरहेको पाइएको छ । शहरी विकास कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषलाई संघीय संरचना अनुरुप व्यवस्थित गर्ने सम्बन्धमा कुनै प्रयास भएको पाइएको छैन । यस अध्ययनले ती कोषहरुसँग सम्बन्धित कानुनहरुको संशोधन गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ ।

### पीडित राहत कोष, लैङ्गिक हिंसा निवारण कोष, सेवा कोष तथा बाल कोषको लागि दीर्घकालीन सुझाव

यी कोषहरुको क्षेत्र तथा सेवाहरु दोहोरिएका छन् र केही हदसम्म एउटै लक्षित वर्ग (प्रभावित) लाई सम्बोधन गर्दछन् । यसले सेवाको दोहोरोपनाको उच्च सम्भावना सिर्जना गरेको छ । यसबाट केही लक्षित समूहलाई कोषबाट प्राप्त सुविधाबाट बढी लाभ पुग्ने र अन्य समूहहरु उक्त सुविधाबाट बञ्चित हुनुपर्ने जोखिम उच्च हुन पुग्दछ । यसका साथै, यस अध्ययनले कोषहरुको बीचको दोहोरोपनालेले कर्तव्यपालकहरु तथा अधिकारवाहकहरु दुवैलाई उस्तै प्रकारले स्पष्टताको अभाव सिर्जना गरेको कुरा देखाएको छ । यी चुनौतीहरुको सम्बोधन गर्न दीर्घकालमा आवश्यक देखिएका केही कोषहरुलाई गाभेर एउटै बनाउने विषयमा सोचविचार गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ । यसो गरिएमा यसले खर्च, समय तथा मानव स्रोतको परिचालनमा हुन जाने व्ययलाई कम गर्नेछ, कोषहरु तथा स्रोतहरुलाई विभिन्न ठाउँमा छरिनबाट जोगाउनेछ, र, कोषबाट प्रदान गरिने सेवा तथा सुविधाहरुमाथि प्रभावितहरुको पहुँचमा वृद्धि हुनेछ ।

## ४. कोषहरुको सञ्चालनको लागि आगामी कदम

यस अध्ययनले कोषहरुको सञ्चालनको लागि चेतना अभिवृद्धि, समन्वय, क्षमता अभिवृद्धि तथा नीतिगत छलफललाई आगामी दिनमा गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा सुझाव गरेको छ । कोषहरुको सञ्चालनको विषयमा संघ, प्रदेश तथा स्थानीय सरकारहरुका सम्बन्धित विभागका कर्मचारीहरु/पदाधिकारीहरुबीच भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्टता हुन आवश्यक हुन्छ । यस अध्ययनबाट प्राप्त निष्कर्षहरुलाई नागरिक समाज, सरोकारवाला समूह, महिला अधिकार समूह तथा स्थानीय अभियन्ताहरुबीच बाँड्न तथा कोषहरुलाई प्रभावकारी रुपले सञ्चालन गर्ने सम्बन्धमा सरकारसँग बहस पैरवी गर्ने विषयमा उनीहरुको भूमिकाको बारेमा छलफल गर्न समेत अत्यावश्यक छ ।

प्रमुख सरोकारवालाहरुको बीचमा जागरण तथा बुझाइमा स्पष्टता भएपछि यस अध्ययनमा औँल्याइएका कोषहरुलाई कोषहरुको उद्देश्य अनुसार काम गर्नबाट रोक्ने कानुन तथा नियमावलीहरुको विभिन्न पक्षहरुमा समीक्षा गर्ने तथा संशोधन गर्ने प्रमुख कार्यलाई अघि बढाउन सम्भव हुन्छ । साथै, हाल सञ्चालनमा रहेका कोषहरुले अहिले कुनै न कुनै रुपमा केही हदसम्म प्रभावितहरुलाई सेवा प्रदान गरिरहेका छन् । ती कोषहरुको आवश्यक सुधार गर्न सफलता हासिल नहुन्जेलसम्मका लागि यी कोषहरुले महिला तथा बालबालिकाहरुलाई निरन्तर आवश्यक सेवा प्रदान गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न गरिनुपर्ने कार्य समेत महत्वपूर्ण रहेको छ । यो कार्य नेपाल सरकारको गरेको लैङ्गिक सम्वेदनशील बजेटप्रतिको बलियो प्रतिबद्धता पूरा गर्न तथा लैङ्गिक समानताको लागि बजेटको व्यवस्था (बाँडफाँड) गर्ने कार्यमा पाइला चाल्न समेत महत्वपूर्ण छ । यसका अतिरिक्त यसले दिगो विकाश लक्ष्यको लक्ष्य नं.५ लाई हासिल गर्न पनि योगदान पुऱ्याउँदछ ।

तलको तालिकामा विभिन्न कोषहरुसित सम्बन्धित विषयमा गरिनुपर्ने कार्यहरुमध्ये मुख्य प्राथमिकतामा राखिनुपर्ने कार्यहरुलाई प्रकाश पारिएको छ :

| कोष | प्रमुख कर्ताहरू | क्रियाकलाप |
|---|---|---|
| | | **अल्पकालीन सुझावहरु** |
| लैङ्गिक हिंसा निवारण कोष, पुनर्स्थापना कोष, एकल महिला संरक्षण कोष | संघीय तथा स्थानीय सरकार | ■ सम्बन्धित स्थानीय सरकार तथा संघीय सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कोषको उपलब्धता र हिंसा प्रभावितले कसरी कोषहरुमा पहुँच गर्न सक्छन् भन्ने विषयमा चेतना तथा जागरण बढाउने कार्य गर्ने ।<br>■ यो प्रयास कार्यकारी समिति, सामाजिक इकाई तथा न्यायिक समिति र कमजोर समूहहरू तथा हिंसा पीडितमा लक्ष्यित हुनुपर्छ ।<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले प्रदेश तथा स्थानीय सरकारलाई संघीय लैङ्गिक हिंसा निवारण कोषबाट रकम प्राप्त गर्ने प्रक्रियाको बारेमा जानकारी दिई सहयोग गर्ने ।<br>■ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा निवारण कोष तथा एकल महिला संरक्षण कोषसित सम्बन्धित नियमावलीहरुमा रहेका बाझिएका प्रावधानहरु खारेज गर्न तिनको समीक्षा (आत्मसमीक्षा) गर्ने ।<br>■ संघीय सरकारले राज्य तथा नागरिक समाज दुवैले सञ्चालन गरेका पुनर्स्थापना केन्द्रहरुको प्रभावकारिता सुनिश्चित गर्न पुनर्स्थापना कोषमा पर्याप्त रकम छुट्याएको कुरा सुनिश्चित गर्ने । |
| | प्रदेश तथा स्थानीय सरकार | ■ प्रदेश तथा स्थानीय सरकारले सेवा प्रदायक निकायहरूसितको सहकार्य र समन्वयमा लैङ्गिक हिंसा प्रभावितहरुको लैङ्गिक हिंसा निवारण कोष तथा त्यसले प्रदान गर्ने सेवामा पहुँच सुनिश्चित गर्न सहजीकरण गर्न ।<br>■ स्थानीय सरकारले लैङ्गिक हिंसा प्रभावितहरुलाई सहयोग गर्न संघीय लैङ्गिक हिंसा निवारण कोषबाट रकम प्राप्त गर्न माग गर्ने । |
| | नागरिक समाज, सङ्गठन तथा सरोकारवाला समूहहरु | ■ नागरिक समाजका सङ्गठनहरुले नियमावलीहरुमा भएका बाझिएका प्रावधानहरूलाई हटाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग सहकार्य गर्न लैङ्गिक हिंसाको विरुद्धमा र लैङ्गिक समानताको पक्षमा नागरिक समाज तथा सरोकारवाला समूहहरुसँगको क्षमता विकास गर्न उनीहरूको बीचमा जागरण तथा चेतना अभिवृद्धि गर्ने । साथै, संघीय तहमा अर्थ मन्त्रालय तथा लैङ्गिक सम्वेदनशील बजेट समिति (GRB) सँगको संलग्नता तथा सहकार्य महत्वपूर्ण हुनेछ ।<br>■ नियमावलीहरुमा बाझिएका प्रावधानहरूलाई समीक्षा गर्न तथा हटाउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग पैरवी तथा छलफल गर्ने ।<br>■ लैङ्गिक हिंसाको विरुद्धमा र लैङ्गिक समानाताको पक्षमा कार्यरत नागरिक समाजका सङ्गठनहरुले कोषको उपलब्धता तथा हिंसा प्रभावितहरूले कसरी कोषहरुमा पहुँच गर्न सक्छन् भन्ने विषयमा चेतना तथा जागरण बढाउने कार्य गर्ने ।<br>■ लैङ्गिक समानताको विषयमा गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुसँग तालमेल हुने गरी यी कोषहरुको कार्यान्वयन अवस्था बारे अनुगमन गर्न राष्ट्रिय महिला आयोगसँग छलफल गर्ने ।<br>■ यो प्रयास कार्यकारी समिति, सामाजिक इकाई तथा न्यायिक समिति र कमजोर समूहहरु तथा हिंसाबाट प्रभावितहरुमा लक्ष्यित हुनुपर्छ । |
| | | **मध्यकालीन सुझावहरु** |
| बाल कोष, पुनर्स्थापना कोष, सेवा कोष, पीडित राहत कोष | कानुन, न्याय तथा संसदीय मामिला सम्बन्धी मन्त्रालय, कानुन आयोग, विषयगत मन्त्रालयहरु | ■ सम्बन्धित मन्त्रालयहरुले सम्बन्धित कानुनहरुको समीक्षा गर्ने र संशोधन विधेयक तयार गर्ने ।<br>■ कानुन, न्याय तथा संसदीय मामिला सम्बन्धी मन्त्रालयले संशोधित विधेयकमाथि समीक्षा गर्ने तथा त्यसलाई संसदमा पेश गर्ने । |
| | नागरिक समाज सङ्गठन तथा सरोकारवाला समूहहरु | ■ विद्यमान कानुन तथा नियमावलीहरुको आवश्यक संशोधन गर्न पैरवी/वकालत गरेर सहयोग गर्ने ।<br>■ लैङ्गिक हिंसाको विरुद्धमा तथा लैङ्गिक समानताको पक्षमा कार्यरत नागरिक समाजका सङ्गठनहरुले, विज्ञहरुको प्राविधिक सहयोग सहित, कानुन न्याय तथा संसदीय मामिला सम्बन्धी मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयजस्ता सम्बन्धित मन्त्रालयहरूलाई विधेयक तथा नियमावली लेखन कार्यमा सहयोग गर्ने । |
| | | **दीर्घकालीन सुझाव** |
| लैङ्गिक हिंसा उन्मूलन कोष, पुनर्स्थापना कोष, सेवा कोष, बाल कोष, पीडित राहत कोष | नागरिक समाज तथा सरोकारवाला समूहहरु | ■ विभिन्न कोषको एकीकरणका लागि नागरिक समाज तथा सरोकारवाला समूहरुको चेतना अभिवृद्धि तथा परिचालन गर्ने ।<br>■ सञ्जाल निर्माण तथा सुदृढिकरण गर्ने ।<br>■ कोषहरुको एकीकरणका लागि सहयोग गर्न संघीय तहमा बहस पैरवी तथा छलफल गर्ने तथा कानुन आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसँग मिलेर काम गर्ने । |
| | महिला तथा सामाजिक समिति, प्रतिनिधिसभाको मानव अधिकार तथा कानुन समिति, विधायक व्यवस्थापन समिति | विधायक व्यवस्थापन समितिलगायत अन्य संसदीय समितिहरुले देहायको वषयमा संसदीय अनुगमनलाई सुनिश्चित गर्नेः<br>■ एकापसमा दोहोरिएका कोषहरुसित सम्बन्धित समस्या र सवालहरु तथा कानुनमा भएका कमिकमजोरीहरु पत्ता लगाउन, र कोषहरुको एकीकरणका लागि आन्तरिक रुपमा आवश्यकताको पहिचान गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई कोषहरुको वर्तमान अवस्थाको बारेमा संसदमा पेश गर्न निर्देशन दिने ।<br>■ कोषहरुको सञ्चालनसित सम्बन्धित सवालहरुका सम्बन्धमा छलफल गर्न समितिको बैठकहरुमा सो सम्बन्धी छलफल गर्ने र कोषहरुलाई एकीकृत गर्न कानुनको पुनरावलोकनको लागि स्पष्ट कदम चाल्न सरकारलाई निर्देशन दिने । |
| | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानुन आयोग, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ■ सम्बन्धित मन्त्रालयहरुले सम्बन्धित कानुनहरुको समीक्षा गर्ने र संशोधन विधेयक तयार गर्ने ।<br>■ कानुन, न्याय तथा संसदीय मामिला सम्बन्धी मन्त्रालयले संशोधित विधेयकमाथि समीक्षा गर्ने तथा त्यसलाई संसदमा पेश गर्ने । |